# आर्थिक वर्ष २०७५/०७६
# को
# बजेट बक्तव्य

# जैमिनीनगरपालिका
## कुश्मिसेरा, बगलुङ
## २०७५

## नगर सभा बैठकमा २०७५ सालअसार १० गते आइतबार उप प्रमुख श्री लिला रानाले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७५/०७६ को बजेट बक्तव्य

## जैमिनीनगरपालिका,नगरकार्यपालिकाको कार्यालय कुश्मिसेरा, बागलुङ

**आदरणीय नगरप्रमुख महोदय,**
**नगर सभा सदस्यज्यूहरु**

संविधान कार्यान्वयनका क्रममा भएको निर्वाचन प्रक्रियाद्वारा निर्वाचित भई राष्ट्रिय स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, दीगो शान्ति, सुशासन साथै यस क्षेत्रको विकास र समृद्धिको लागि जैमिनी नगरपालिकाको बजेट प्रस्तुत गर्न यस गरिमामय नगरसभामा सम्बोधनको लागि उपस्थित हुन पाउँदा गौरव महशुस गरेको छु ।

राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र र जनजीविका प्राप्तिको आन्दोलनमा विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । राष्ट्रिय स्वाधीनता, स्वाभिमान, लोकतन्त्र, संघीयता, जनजीविका, सुशासन र समृद्धि प्राप्तिको आन्दोलन र क्रान्तिको नेतृत्व गर्ने नेताहरु, नागरिक समाज, सञ्चार जगत र सहभागि जनसमुदायलाई उच्च सम्मान र प्रशंसा गर्दै वधाई र धन्यवाद व्यक्त गर्दछु ।

संविधान सभाबाट संविधान जारी गर्ने नेपाली जनताको करिब साढे छ दशक लामो चाहना २०७२ साल असोज ३ गते नेपालको संविधान जारी भएसँगै पुरा भएको छ । संविधानले नेपाललाई एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, समावशी, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रुपमा स्थापित गरेको छ । स्वायत्तता र स्वशासनको अधिकारलाई संविधानले प्रस्तावनाबाटै आत्मसात गरेको छ । नेपालको संविधानले संघीय शासन व्यवस्था अन्तरगत राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीन वटै तहको एकल तथा साझा अधिकार किटान गरेको छ । तीनवटै तहका सरकाले संविधान र कानूनको सीमाभित्र रही स्वतन्त्र रुपमा अधिकारको प्रयोग गर्ने अवसर पाएका छन ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था रहेको छ । यी तीन वटै तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहेको छ । स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालनका लागि स्थानीय सरकार संचालन ऐन २०७४ जारी भई कार्यान्वयनमा रहेको छ । स्थानीय तहमा जनप्रतिनिधिको वहालीसँगै संविधानमा व्यवस्था भएको संघीय लोकतान्त्रिक गणतन्त्र र संघीयताको कार्यान्वयन गर्दै स्थानीय सरकार संचालन गर्नुपर्ने अभिभारा जनप्रतिनिधि उपर आएको छ । साथै लोकतान्त्रिक, समावेशी, जवाफदेही, पारदर्शी र प्रभावकारी स्थानीय शासनको अनुभूति जनतालाई गराउने दायित्व पनि निर्वाचित जनप्रतिनिधिमा रहेको छ । यसै सन्दर्भमा आगामी आर्थिक वर्ष २०७५/७६ को लागि स्थानीय सरकारको रुपमा नगरसभामा बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु ।

लामो संघर्ष पछि नेपाली जनताको चाहना अनुरुप संघीय स्वरुपको समावेशी जनप्रतिनिधिमूलक राज्य प्रणाली स्थापना भएको छ । स्थानीय तहका निर्वाचनबाट लोकतान्त्रिक शासन प्रणाली संस्थागत भएको छ । स्थानीय सरकारलाई राज्यका सम्पूर्ण स्रोत र सामर्थ्यको सदुपयोग गरी विकास र समृद्धिको यात्रामा अविचलित रुपमा अगाडी वढ्न उत्प्रेरणा मिलेको छ ।

स्थानीय सरकार/तह **"सम्मृद्ध जैमिनी, सुखी जैमिनी नगरवासी"** बनाउने दीर्घकालिन उद्धेस्य अनुरुप आर्थिक, सामाजिक विकासको मौलिक ढाँचामा अघि वढिरहेको छ । उच्च आर्थिक बृद्धिसँगै त्यसको न्यायपूर्ण वितरणबाट सर्वाङ्गिण विकास हासिल गर्न सकिने यस जैमिनी नगरको मान्यता रहेको छ । सवै जैमिनीबासी नागरिकका लागि मर्यादित काम स्वच्छ खानेपानी, न्यूनतम खाद्य सुरक्षा, आधारभूत स्वास्थ्य, शिक्षा सुविधा, स्वच्छ र सुरक्षित आवास जस्ता अत्यावश्यक आवश्यकताको परिपूर्ति नै हाम्रो समाजवाद तर्फको यात्राको प्रस्थान विन्दु हुनेछ ।

आगामी आर्थिक वर्ष २०७५/७६ को बजेट तर्जुमा गर्दा मैले जैमिनी नगरपालिकाको प्राथमिकता, जैमिनी नगरपालिकाको नीति तथा कार्यक्रम, चालु आवधिक योजना, दीगो विकास लक्ष्य, जैमिनी नगरसभाका सदस्यहरुले दिनुभएका सुझावहरुलाई मार्गदर्शनको रुपमा लिएको छु । राजनीतिक दल, संघसंस्था, विद्धतवर्ग, कर्मचारी, नगरवासी दिदी वहिनी दाजुभाईहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई समेत ध्यान दिएको छु ।

## बजेटको लक्ष्य :-

स्थानीय स्रोत र साधनको अधिकतम परिचालनबाट जनसहभागिताको माध्यमबाट दीगो विकासमा जोड दिदै गरिबी न्यूनीकरणमा सहयोग पुर्‍याउने ।

## बजेटको उद्धेस्य :-

- आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने ।
- समग्र नगरक्षेत्रको समानुपातिक र सन्तुलित विकासमा सहयोग पुर्‍याउने ।
- उत्पादन र उत्पादकत्व बृद्धि गर्दै कृषकको आय आर्जनमा सुधार ल्याउने ।
- स्थानीय स्रोत र साधनको प्रयोग र जनसहभागिताको परिचालनबाट दीगो र वातावरणमैत्री विकासमा सहयोग पुर्‍याउने ।
- रोजगारी र स्वरोजगारको अवसर सृजना गरी आत्मनिर्भरता तर्फ उन्मुख गराउने ।
- सामाजिक समावेशीकरणको माध्यमबाट आर्थिक, सामाजिक क्षेत्रको विकासमा सहयोग पुर्‍याउने ।

- राज्यबाट विभेदमा पारिएका महिला, बालवालिका, जेष्ठ नागरिक, एकल महिला, फरक क्षमता, आदीवासी, जनजाती, दलित, अल्पसंख्यक, लोपोन्मुख समुदायलाई आर्थिक तथा सामाजिक विकासको मूलप्रवाहमा समाहित गर्ने ।
- स्रोत र साधनको समुचित प्रयोगबाट सन्तुलित विकासमा जोड दिने ।
- उद्यमशीलताको प्रवर्द्धन गरी आर्थिक अवस्थामा सुधार ल्याउने ।
- गुणस्तरीय शिक्षाको माध्यमबाट सक्षम र उच्च प्रकारको जनशक्ति उत्पादन गर्ने ।

**बजेटका अपेक्षित उपलब्धीहरु :-**

१. नगरपालिको केन्द्र विन्दु कुस्मीसेरा बजारमा पक्की नाली र ग्राभेल युक्त सडक निर्माण भएका हुनेछ ।

२. नगरका वडाकेन्द्रमा कम्तीमा ग्राभेलयुक्त सडकहरु पुगेका हुनेछन र वाह्रै महिना सहज यातायात सेवा संचालन भएको हुनेछ ।

३. जैमिनी नगर प्रवेश गर्ने मुख्य नाकाहरुमा छुट्टै तथा विशेष पहिचान झल्कने क्रियाकलापहरु संचालन गरी जैमिनीको पहिचान दिलाईनेछ ।

४. हरेक वडामा एक वडा एक उत्पादन कार्यक्रमको शुरुवात भैसकेको हुनेछ ।

५. नगरबाट सवै वडाहरुमा जाने मुख्य सडकहरुमा कम्तीमा २०० मीटर पक्की नाली निर्माण भएको हुनेछ ।

६. जैमिनी नगरपालिका भित्रका वडाहरुमा व्यक्तिगत तथा व्यवशायिक कृषि तथा पशुपालन गर्ने कृषकको संख्या वढेको हुनेछ ।

७. कृषकबाट उत्पादिन दुध, दहि, घीउ, मासुजन्य फर्महरु व्यवस्थित भएका हुनेछन ।

८. कृषि क्षेत्र क्रमशः व्यवशायिक र आधुनिकता तर्फ उन्मुख हुंदै मौरी, सुन्तला, लप्सी, अलैंची, आलु, केरा, टिमुर, च्याउ, लगायतका नगदेवालीको प्रवर्द्धन भएको हुनेछ । मकै, धान, कोदो, गहुं जस्ता मुख्य वालीहरुको संरक्षण गर्दै उत्पादनमा जोड दिईएको हुनेछ ।

९. उत्पादिन कृषि तथा पशुजन्य वस्तुहरुको विक्रि वितरणको लागि नगरस्तरमा विक्रि तथा संचय भण्डार स्थापना भएको हुनेछ ।

१० कृषि र पशुपालनको क्षेत्रमा रोजगारी तथा स्वरोजगारको अवसर सृजना भई वैदेशिक रोजगारीमा जाने युवाहरु आर्कषित गर्न सहयोग पुग्नेछ । साथै वैदेशिक रोजगारीमा प्राप्त विप्रेषण आयलाई यस क्षेत्रमा लगानी गर्ने सहयोग पुग्नेछ ।

११ पहाडवाट भित्री मधेश तथा तराईतिर बसाईसराई जाने कार्यमा कमी आउनेछ ।

१२ नगरस्तरीय उद्योग ग्रामको लागि जग्गा तथा अन्य आवश्यक पूर्वाधारहरु पहिचान भएको हुनेछ

१३ नगरका रमणीय स्थानहरु आन्तरिक तथा वाह्य पर्यटकको आगमनको शुरुवात हुनेछ । जैमिनीधाम, कोट, देविस्थान, थन्थापि माई, पुरानोगाउ, गाईधुने, हाडिकोट, रुद्रताल,

गाजाधुरी, कमलजैसी, राधाकृष्ण मन्दिर लगायतका क्षेत्रमा धार्मिक तथा पर्यटकीय क्षेत्रको विकासका पूर्वाधारहरुको निर्माण शुरु गरिएको हुनेछ ।

१४ सहकारी र वित्तीय क्षेत्रबाट वचत संकलन र ससानो पुजी लगानीको अवसर सृजना भई रोजगारीलाई सहयोग पुग्नेछ । सरल र सस्तो रुपमा कर्जा प्रवाह गर्ने प्रणालीको विकास भएको हुनेछ ।

१५ सवैको लागि शिक्षा, अनिवार्य आवश्यकताको रुपमा अगाडी वढ्नेछ । सवै बालवालिकालाई गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर मिल्नेछ । कुनै पनि वालवालिकालाई शिक्षाको अवसरबाट वन्चित भएको हुनेछैन ।

१६ सवै नागरिकहरुलाई पोषणयुक्त खानेकुरामा चेतना अभिबृद्धि भई व्यवहारिक प्रयोग वढेको पाईनेछ ।

१७ नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, वालमृत्युदरलाई घटाई औषत आयु वढाउन सहयोग पुगेको हुनेछ ।

१८ स्वास्थ्य संस्थाहरुमा न्यूनतम आवश्यकताका औषधीहरु सहजै उपलब्ध हुनेछन ।

१९ नगरका सवै वडाहरुमा खानेपानीको न्यूनतम सुविधा उपलब्ध भएको हुनेछ । सवै नागरिकमा सरसफाईको चेतना विकसित भई व्यवहारमा प्रयोग गरेका हुनेछन । घर आँगन, टोल छिमेकमा सरसफाई अभियान तिव्रताका साथ बढेको हुनेछ ।

२० नगरभित्र रहेका कला संस्कृतिको संरक्षण र सम्बर्द्धन भएको महशुस गरिनेछ ।

२१ लैंगिक समानता र सामाजिक समावेशिकरणको माध्यमबाट समाजको सन्तुलित विकासमा विशेष योगदान पुगेको अनुभूति गरिनेछ ।

२२ नगरस्तरीय खेलमैदानलाई सुदृढ गरिएको हुनेछ ।

२३ प्रमुख सडकहरुमा मोटरेवल पुल निर्माण गर्ने स्थान पहिचान गरी प्रारम्भिक सर्भेक्षणका लागि आवश्यक आधार तयार भएको हुनेछ ।

२४ नगरका मुख्य खोलामा झोलुङ्गेपुल निर्माणको आवश्यकता पहिचान गरी कम्तीमा ३ वटा झोलुङ्गेपुलका निर्माण कार्य भएको हुनेछ ।

२५ नगरस्थित खेतीयोग्य भूमीमा साना सिंचाईको माध्यमबाट हिउदे र वर्षायामको सिचाई सुविधा अधिकांश स्थानमा सम्पन्न भएको हुनेछ ।

२६ नगरस्थित सरकारी भवन निर्माणको लागि जग्गाको व्यवस्थापन र श्रोतको खोजी तर्फ आवश्यक पहल गरिएको हुनेछ ।

२७ नगरस्तरमा फोहरमैला व्यवस्थापनको लागि ल्याण्डफिल साईटको व्यवस्थापन भैसकेको हुनेछ ।

२८ नगरका उपयुक्त स्थानहरुको छनौट गरी लोपोन्मुख जातीको पहिचान गरी संघ र प्रदेश सरकारको समन्वयमा जनता आवास कार्यक्रम शुरु भएको हुनेछ ।

२९ नगरस्थित साना जलविद्यत, माईक्रोहाइड्रोबाट उत्पादित विद्युतलाई केन्द्रीय प्रसारणमा आवद्ध गराउन सरोकारवालासँग सम्पर्क र समन्वय प्रभावकारी वनाउदै कार्यान्वयन गरिएको हुनेछ । साथै नविकरणीय उर्जाको प्रवर्द्धन र विकास भएको

हुनेछ । सवै वडाहरुमा फलामे पोलबाट विद्युतिकरण कार्य व्यवस्थित गरिएको हुनेछ । नगरपालिकाको केन्द्र कुस्मीसेरा बजारमा सौर्य सडक वत्तीको प्रारम्भिक कार्य शुरु भैसकेको हुनेछ ।

३० सूचना र संचारको क्षेत्रलाई जनताको अधिकारसँग जोडी सहज र सरल सूचना प्राप्त भएको अनुभूति हुनेछ । नगरकेन्द्रका वडाहरुमा लेण्डलाईन टेलिफोनको विस्तार गरिनेछ र ईन्टरनेटमा सवै नगरवासीको पहुंच पुगेको हुनेछ ।

३१ नगरपालिकाका वनजंगलको संरक्षणमा वन व्यवस्थापन समिति सक्रिय हुनेछन । वन संरक्षकको व्यवस्था भएको पाईनेछ ।

३२ वनलाई आय आर्जनको श्रोतको रुपमा विकास गर्न विभिन्न चेतनामुलक कार्यक्रम सन्चालन हुनेछन । वन क्षेत्रमा अलैंची, अम्रिसो, डालेघाँस जस्ता उपयोगी विरुवाहरुको रोपण भएको पाईनेछ ।

३३ नगरस्तरमा १ एक वटा वहु उद्धेश्यीय नर्सरी स्थापना भैसकेको हुनेछ ।

३४ पहिरो र भूक्षय, नदीकटानको समस्या समाधानका लागि चेतनामुलक कार्यक्रम संचालन भई वृक्षारोपणको कार्य वढेको पाईनेछ ।

३५ राशायनिक मल र विषादिको प्रयोग घटेर प्राङ्गारिक मलको प्रयोग वढेको पाईनेछ ।

३६ नगरपालिकास्थित विभिन्न वडाहरुमा रहेका विभिन्न पोखरीहरुको संरक्षणको कार्य प्रारम्भ भएको पाइनेछ ।

३७ प्राकृतिक श्रोतको उपयोग गर्नु पूर्व IEE गरेर मात्र शुरु गरिनेछन ।

३८ नगरस्तरमा विपद व्यवस्थापन समितिलाई सकृय हुनेछ र विपद व्यवस्थापन कोष प्रयोगमा आउनेछ ।

३९ नगरपालिका र प्रत्येक वडा कार्यालयमा नागरिक वडापत्र राखिएको हुनेछ । वडापत्रको माध्यमबाट नागरिकहरुले सूचनाको अधिकार प्राप्त गर्नुका साथै सेवा प्रवाहमा सहज भएको महशुस गर्नेछन ।

४० नगरपालिकाको काम कारवाही र सेवा प्रवाहको सम्बन्धमा प्राप्त गुनासा र उजुरीहरुलाई व्यवस्थित गर्दै गुनासो अभिलेखन तथा व्यवस्थापन प्रभावकारी भैसकेको हुनेछ ।

४१ नगरपालिकाका गतिविधिहरुलाई मासिक, त्रैमासिक रुपमा सूचना पाटी, वुलेटिन र वेभसाईटको माध्यमबाट प्रकाशन भएका हुनेछन ।

४२ कर्मचारीहरुको व्यवशायिकताको विकास गर्न कार्यसम्पादन करार, कार्यविवरण, कार्यसम्पादन मुल्याङ्कन, दण्ड र पुरस्कारको व्यवस्था प्रभावकारीरुपमा कार्यान्वयनमा ल्याईएको हुनेछ ।

४३ आन्तरिक तथा बार्षिक लेखापरीक्षण, सार्वजनिक परीक्षण, सामाजिक समावेशीकरण बजेट परिक्षण जस्ता कार्यहरुको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

४४ नगरपालिकाको संस्थागत विकासको लागि कर्मचारीहरुको कार्यविवरण, पदाधिकारी तथा कर्मचारीहरुको आचारसंहिता, संगठन विकास अध्ययन, क्षमता विकास योजना निर्माण गरी लागु भएको हुनेछ ।

४५ कर्मचारी र पदाधिकारीहरुको क्षमता विकासको लागि तालिम, गोष्ठी, सेमिनार संचालनका अतिरिक्त अध्ययन अवलोकन भ्रमण भएको हुनेछ ।

## बजेट तर्जुमाका आधारहरु :-

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु
- स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४
- उपलब्ध स्रोत साधन
- विकासका अन्तर सम्बन्धित विषयहरु
- नगरपालिकाले चालु आ.व.को कार्यसम्पादनबाट सिकेका महत्वपूर्ण सिकाईहरु
- सहभागितामूलक योजना तर्जुमा प्रकृयाबाट प्राथमिकता प्राप्त भई आएका योजना तथा कार्यक्रमहरु
- नगरपालिकाबाट आगामी आ.व.२०७५।७६ का लागि प्रस्तुत नीति तथा कार्यक्रमहरु

## बजेट तर्जुमा विधि :-

- राजस्व परामर्श समितिबाट राजस्वको श्रोत, दायरा र दर समेतको विश्लेषण गरी राजस्वको अनुमान र दर सिफारिस ।
- स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट आन्तरिक र अन्य स्रोतको अनुमान गरी वडागत र विषय क्षेत्रगत सीमा र मार्गनिर्देशन तयार ।
- सहभागितात्मक योजना तर्जुमा पद्धति अवलम्बन गरी टोल, समुदाय, वस्ती तथा वडास्तरबाट जनप्रतिनिधि मार्फत योजना तथा कार्यक्रमको छनौट र प्राथमिकीकरण ।
- नगरस्तरीय वहुसरोकारवालासँगको छलफल, गोष्ठी र अन्तरर्क्रियाबाट प्राप्त सुझाव र सल्लाह ।

- बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट नीति तथा कार्यक्रम तथा वडागत विषयगत कार्यक्रमको विश्लेषण गरी कार्यपालिकामा योजनागत सूचि प्रस्तुत ।
- कार्यपालिकाबाट नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रम स्वीकृत गरी सभामा पेश ।

**योजना तथा कार्यक्रम प्राथमिकताका आधारहरु :-**

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
- उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- जनताको जीवनस्तर, आम्दानी र रोजगारी वढ्ने,
- स्थानीय सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
- स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,
- महिला, बालवालिका तथा पिछडिएको क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- लैंगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने ।
- दीगो विकास, वातावरणीय संरक्षण तथा प्रवर्द्धन गर्न सघाउ पुऱ्याउने,
- भाषिक तथा सास्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिबृद्धिमा सघाउ पुऱ्याउने,
- स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु

**आदरणीय नगरप्रमुख महोदय,**
**नगर सभा सदस्य ज्यूहरू**

१ अब म जैमिनी नगरपालिकाको गत आ.व. २०७३।७४ र चालु आ.व.२०७४/७५ को समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२. चालु आ.व. २०७४।७५ मा यस नगरपालिकालाई विभिन्न कार्यक्रम र शिर्षकमा सशर्त अनुदान तर्फ प्राप्त रु.२१९३६९०००। एक्काईस करोड त्रिरान्नब्बे लाख उनान्सत्तरी हजार मध्ये हालसम्म रु.२०८०२८७७९।८० वीस करोड असी लाख अठ्ठाईस हजार सात सय उनासी रुपैया पैसा असी मात्र खर्च भैसकेको छ । चालु आ.व.को आषाढ मसान्तसम्म लक्ष्य अनुसारको खर्च हुने अनुमान छ ।

३. जैमिनी नगरपालिकालाई प्राप्त अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तरगत प्राप्त समानीकरण अनुदान नगरपालिका तर्फ गत आ.व. २०७३।७४ को चालु तर्फ रु.२००००००। वीस लाख आम्दानी भै रु १४२८६४८।१० चौध लाख अठ्ठाईस हजार छ सय अठचालिस रुपैया पैसा दश मात्र खर्च र पुजिगत तर्फ रु.८००००००। असी लाख आम्दानी भै रु.१६१४८६०। सोह्र लाख चौध हजार आठ सय साठी रुपैया मात्र खर्च भई चालु आ.व. २०७४।७५ का लागि रु.७२०५३९१।३७ वहत्तर लाख पाँच हजार तीन सय एकान्नब्बे रुपैया पैसा सैतिस मात्र  जिम्मेवारी सर्न आएको छ । यसमा अन्य कोषबाट प्राप्त रकम समेत समावेश छ ।

४ चालु आ.व. २०७४।७५ का लागि चालु तर्फ रु.४६०८१०१७। चार करोड साठी लाख एकासी हजार सत्र रुपैया मात्र । र पुजिगत तर्फ रु.१४०१०००००। चौध करोड एक लाख रुपैया मात्र । आय अनुमान गरिएकोमा चालु आ.व.को जेठ मसान्त सम्ममा चालु तर्फ रु..१४०३१०७३०।१० एक करोड चालिस लाख एकतीस हजार सात सय तीस रुपैया पैसा दश मात्र । पुजिगत तर्फ रु.६०४३२८३७ छ करोड चार लाख वत्तिस हजार आठ सय सैतिस रुपैया  खर्च भै सकेको छ । यस आ.व.को बाकी अवधिको लागि चालु तर्फ रु.२४०४९२८६।९० दुई करोड चालिस लाख उनान्पचास हजार दुई सय छ्यासी रुपैया पैसा नब्बे मात्र  र पुजिगत तर्फ रु.७७६६७१६३। सात करोड छ्यत्तर लाख सठ्सठ्ठी हजार एक सय त्रिसठ्ठी रुपैया मात्र संसोधित अनुमान पेश गरेको छु ।

६ चालु आ.व.का लागि आन्तरिक श्रोतको रु.२२०८४००। वाईस लाख आठ हजार चार सय अनुमान गरिएकोमा जेठ मसान्त सम्म आईपुग्दा रु.१५७२५१३।२३ पन्ध्र लाख वहत्तर हजार पाँच सय तेह्र रुपैया पैसा तेईस मात्र आम्दानी भै लक्ष्यको ७१.२% प्रगति हासिल भएको छ । आ.व.को अन्त्य सम्ममा लक्ष्यको हाराहारिमा पुग्ने विश्वास लिएकोछु ।

**आदरणीय नगरप्रमुख महोदय,**
**नगर सभा सदस्य ज्यूहरू**

अव म आगामी आर्थिक वर्ष २०७५।७६ का लागि बजेटका प्राथमिकता र आय व्यय प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

७ आगामी आर्थिक वर्ष २०७५।७६ का लागि राजस्व र करका दरहरु फराकिलो बनाउदै रु.५००००००। पचास लाख रुपैया मात्र आम्दानी हुने अनुमान गरेको छु ।

८ आगामी आ.व.देखि एकीकृत सम्पत्ति कर अनिवार्य गरेकोछु । आन्तरिक आयको लागि यो क्षेत्रमा सम्पूर्ण जैमिनीवासीहरुको उत्साहजनक सहभागिताको लागि अपेक्षा गरेकोछु ।

९ जैमिनी नगरस्तर र वडास्तरमा समेत जैमिनीको गौरव झल्किने आयोजनाहरु प्रस्तावित गरी कार्यान्वयन गर्न बजेट प्रस्ताव गरेकोछु ।

१० जैमिनी नगरको पहिचान कायम गर्न ५ नं. प्रदेशबाट प्रवेश गर्ने मुख्य नाकामा प्रवेशद्वार निर्माण गर्न बजेट प्रस्ताव गरेको छु ।

११ कृषि र पशुपालनको क्षेत्रलाई विशेष महत्वका साथ बजेट विनियोजन गर्ने प्रयाश गरेकोछु ।

१२ **“नगर प्रमुख वातावरण मैंत्री कृषि वडा नमुना कार्यक्रम”** र **“समानुपातिक, निरन्तर समग्र विकास कार्यक्रम”को** लागि बजेट विनियोजन गरेकोछु ।

१३ नीति तथा कार्यक्रमले उच्च महत्व दिएका विषयहरुलाई आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद व्यवस्थापन, सुशासन तथा संस्थागत विकासका क्षेत्रमा आवश्यकता अनुसार बजेट विनियोजन गरेकोछु ।

१४ संघीय सरकार र प्रदेश सरकारसँग मौज्दात कोषहरुको रकमलाई नगरपालिकासँगको साझेदारीमा कार्यान्वयन गर्न समपुरक कोषमा प्रयाप्त बजेट विनियोजन गरेकोछु ।

१५ सम्पुरक कोष(म्याचिङ फण्ड) आवश्यक पर्ने आयोजना संचालन, विपद व्यवस्थापन, कर्मचारी कल्याण कोष लगायतका कोषहरु तथा भैपरी आउने कार्यको लागि प्रयाप्त मात्रामा सम्पुरक कोषको व्यवस्था गरिएको छ ।

१६ विकासमा जनसहभागिता सुनिश्चता गरी विकास निर्माणमा जनताको अपनत्व विकास गर्न नगरपालिकाले सन्चालन गर्ने प्रबर्द्धनात्मक कार्यक्रम वाहेक अन्य पुजी निर्माणका कार्यक्रममा उपभोक्ता समितिको नगद एवं श्रम तथा वस्तुगत सहभागिता हुने अनुमान गरिएको छ ।

१७ प्रस्तावित वचत बजेटका सिद्धान्तका आधारमा तयार गरिएको व्यहोरा जानकारी गराउदछु ।

**आदरणीय नगरप्रमुख महोदय,**
**नगर सभा सदस्य ज्यूहरु**

अव म आगामी आर्थिक वर्ष २०७५।७६ को आय र व्ययको अनुमान प्रस्तुत गर्दछु ।

***आय अनुमान तर्फ***

१. चालु वर्ष २०७४।७५ बाट खर्च नभई मौज्दात हुने रु.१००००००० एक करोड रुपैया मात्र ।

२. संघीय सरकारबाट अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तरगत प्राप्त हुने समानीकरण अनुदान रु.१०१८०००००। दश करोड अठार लाख रुपैया मात्र ।

३. संघीय सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड शिर्षकमा प्राप्त हुने अनुदान रु.७१०८१०००। सात करोड दश लाख एकासी हजार रुपैया मात्र ।

४. प्रदेश सरकारबाट अन्तर सरकारी वित्तिय हस्तान्तर अन्तरगत प्राप्त हुने समानीकरण अनुदान रु.११७०००००। एक करोड सत्र लाख रुपैया मात्र ।

५. प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड शिर्षकमा प्राप्त हुने अनुदान रु.३६७९०००। छत्तिस लाख उनासी हजार रुपैया मात्र ।

६. नगरपालिकाको विभिन्न शिर्षकमा आन्तरिक आयबाट प्राप्त हुने रकम रु.५००००००। पचास लाख रुपैया मात्र ।

७. संघीय सरकार/प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान रु.२७११००००००। सत्ताईस करोड, एघार लाख रुपैया मात्र ।

कुल जम्मा आय रु. ४७४३६००००। सतचालिस करोड त्रिचालिस लाख साठी हजार रुपैया मात्र ।

## व्यय तर्फ रु

१. विभिन्न विषयगत क्षेत्रहरु शिक्षा, कृषि, पशु, स्वास्थ्य, महिला विकास, तर्फ सशर्त अनुदानमा खर्च हुने रु. २७११०००००। सत्ताईस करोड, एघार लाख रुपैया मात्र ।

२. नगरपालिकाको चालु तर्फ विभिन्न शिर्षकमा खर्च हुने रु.७९७६००००। सात करोड, सन्तान्नब्बे लाख साठी हजार रुपैया मात्र ।

**चालु तर्फ को जम्मा रु. ३५०८६००००। पैतिस करोड आठ लाख साठी हजार रुपैया मात्र ।**

३. नगरपालिकाको पुजिगत तर्फ तपसिलका शिर्षकहरु

समपुरक कोष रु. १००००००००। एक करोड रुपैया मात्र ।

आर्थिक क्षेत्र रु. ८५०००००। पचासी लाख रुपैया मात्र ।

सामाजिक विकास क्षेत्र रु. १००००००००। एक करोड रुपैया मात्र ।

पूर्वाधार विकास क्षेत्र रु. २००००००० दुई करोड रुपैया मात्र ।

वातावरण तथा विपद व्यवस्थापन क्षेत्र रु. ७००००००। सत्तरी लाख रुपैया मात्र ।

सुशासन तथा संस्थागत विकास तर्फ रु. ४००००००। चालिस लाख रुपैया मात्र ।

समानुपातिक निरन्तर समग्र विकास कार्यक्रम रु. ७००००००। सत्तरी लाख रुपैया मात्र ।

वडागत वजेट रु. ४८००००००। चार करोड असी लाख रुपैया मात्र ।

सवारी साधन व्यवस्थापन रु. ९००००००। नब्बे लाख रुपैया मात्र ।

**पुजिगत तर्फ जम्मा रु. १२३५०००००। वाह्र करोड पैतिस लाख रुपैया मात्र ।**

**कूल जम्मा रू. ४७४३६००००।**

**सतचालिस करोड, त्रिचालिस लाख साठी हजार रूपैया मात्र**

उपरोक्त अनुसार जैमिनी नगरपालिकाको आगामी आर्थिक वर्ष २०७५।७६ को लागि आय तर्फ कुल जम्मा रु. ४७४३६००००। सतचालिस करोड, त्रिचालिस लाख साठी हजार रुपैया मात्र र व्यय तर्फ कुल जम्मा रु. रु. ४७४३६००००। सतचालिस करोड, त्रिचालिस लाख साठी हजार रुपैया मात्र प्रस्ताव गरेको छु । उल्लेखित बजेटमा गैरसरकारी क्षेत्रको बजेट समावेश गरिएको छैन । माथिका शिर्षकहरुको शिर्षकगत खर्चको विस्तृत विवरण र गैरसरकारी संघसंस्थाको वजेट तथा कार्यक्रम आगामी आ.व.२०७५।७६ को बार्षिक नगर विकास योजनाको पुस्तिकामा समावेश गर्ने गरी व्यवस्था मिलाएको छु । प्रस्तावित बजेटलाई वडास्तरबाट प्राप्त मागहरुको प्राथमिकता र आवश्यकताको आधारमा महत्वपूर्ण सल्लाह र सुझाव सहित शिर्षकगतरुपमा छलफल गरि पारित गर्नुहुने विश्वास लिएको छु ।

बजेट आफैमा तथ्यमा आधारित अनुमान हो । यसको लक्ष्य प्राप्तिका लागि हाम्रो एक्लै प्रयास मात्र सम्भव छैन । तसर्थ राजनैतिक दल, सम्पूर्ण संघसंस्था तथा सम्पूर्ण नगरवासीहरुको सामुहिक प्रयासबाट मात्र यो सम्भव छ। समग्र जैमिनी नगरको विकासबाट समृद्धि प्राप्तिको लक्ष्यलाई ठोस रुपमा अगाडि वढाउदै तर्जुमा भएका योजना तथा कार्यक्रमहरुलाई प्रभावकारी र वैज्ञानिक कार्यान्वयन गर्न सवै तिरबाट यथोचित सहयोग हुनेछ भन्ने पूर्ण विश्वस्त छु। प्रस्तुत वजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा

परोक्षरुपमा सहयोग पु¥याउनुहुने सम्पूर्ण कार्यपालिका सदस्यज्यूहरु, नगरस्थित क्रियाशिल राजनितिक दलहरु, आम सञ्चार जगत, नागरिक समाज, नगरबासी दाजुभाई तथा दिदी वहिनीहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत कर्मचारी मित्रहरुलाई धन्यवाद दिन चाहन्छु । जैमिनीको विकास प्रक्रियामा सहयोग उपलब्ध गराउने नेपाल सरकार, दातृ निकाय, सहयोगी संघ संस्था तथा निकायहरु, निजी क्षेत्र प्रति म जैमिनी नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि सहयोग निरन्तररुपमा प्राप्त हुनेछ भन्ने विश्वास गर्दछु ।

**धन्यवाद ।**